A Quarterly Publication of Press Council Nepal

# संहिता
SAMHITA

प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन
पुस, २०७८ । अङ्क ५५

स्वच्छ, स्वस्थ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री
प्रेस काउन्सिल नेपाल

**प्रधान सम्पादक**
बालकृष्ण बस्नेत

**संयोजक**
दीपक पाण्डे

**प्रबन्ध सम्पादक**
शरदप्रसाद अधिकारी

**सम्पादन मण्डल**
झबिन्द्र भुसाल
दीपक खनाल

**सम्पादन सहयोगी**
लक्ष्मी पौडेल

**तस्बिर**
विपुल पाण्डे

**आवरण/ले-आउट**
शिव वि.क (मिलन)

प्रकाशक : प्रेस काउन्सिल नेपाल
पो.ब.न.: ३०७७, सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं, नेपाल
फोन : ९७७-१-४११२७९९, ५९१५३५४
इमेल : pcn2027writing@gmail.com
वेबसाइट : www.presscouncilnepal.gov.np
मुद्रण : रोल्वालिङ अफसेट प्रेस, काठमाडौं

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सम्पादकीय : | |
| १. नेपाली प्रेसका चुनौती र काउन्सिलको दायित्व - गोविन्द आचार्य | १ |
| २. पत्रकारितामा गुम्दै गएको विश्वसनीयता - गोविन्द पोखरेल | १२ |
| ३. मधेसको पत्रकारितामा चुनौतीका चाङ - रामप्रसाद दाहाल | १८ |
| ४. सञ्चार माध्यममा शैली पुस्तक - कृष्ण श्रेष्ठ | २६ |
| ५. सञ्चार निर्देशिकाहरूको महत्व - लक्ष्मीधर गुरागाईं | ४५ |
| ६. अदालती पत्रकारिता : अवसर र चुनौती - यम विरही | ५३ |
| ७. पत्रकारितामा अनेक अवसर - गोपीकृष्ण ढुंगाना | ६२ |
| ८. पत्रकार र दलीय 'ट्याग'को भोक - विन्दुकान्त घिमिरे | ७१ |
| ९. सूचना पाउन सधैँ सकस - तारा चापागाईं | ७६ |
| १०. रेडियो कार्यक्रममा खडेरी - वसन्त आचार्य | ८८ |
| ११. प्रेस काउन्सिललाई गर्विलो बनाउनु सबैको कर्तव्य हो - नारायणप्रसाद शर्मा | ९४ |
| १२. मिडियामा दलित समुदायको मुद्दा - पवित्रा सुनार | १०५ |
| १३. कर्णालीको पत्रकारिता र सम्भावना - नवराज महतारा | ११७ |
| १४. वाक् स्वतन्त्रता : स्वेच्छाचारी अभिव्यक्तिको फैलावट - गिता कठायत | १२९ |
| १५. मिडिया मर्जर र मूलधारका सञ्चार माध्यमको दायित्व - शिवहरि घिमिरे | १३८ |

१६. पत्रकारितामा महिला निरन्तरतामै समस्या - कल्पना शर्मा १४५

१७. डिलक्स बसका 'ड्राइभर' पत्रकार ! - मिलन तिमिल्सिना १५१

१८. प्रदेश सरकार र आमसञ्चार - सरिता दाहाल १५६

१९. पत्रकारितामा अवसरः सदुपयोग कि दुरुपयोग ? - रामहरि कार्की १६०

२०. पत्रकारितामा नयाँ प्रविधिको जटिलता - कान्ति न्यौपाने १६४

२१. सोसल मिडियाः नियमन गर्ने कि सचेत बन्ने ? -प्रेम विश्वकर्मा १६९

२२. वैकल्पिक माध्यमः मिथ्या सूचनाका भरिया - मञ्जिमा ढकाल १७४

२३. Media Trial and Its Impact on fair trial in Nepal - Saleena Rimal १७८

# सम्पादकीय

## जिम्मेवारपूर्ण पत्रकारिता

पत्रकार आचारसंहिताले पत्रकार र सञ्चार माध्यमले गर्न हुने र गर्न नहुने कार्यहरू प्रष्टसँग तोकिदिएको छ । गर्न नहुने काममा सुरुमै मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुऱ्याउन नहुने कुरालाई जोड दिएको छ । पत्रकार तथा सञ्चार माध्यमले मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनताविरुद्ध हुने काम गर्न नहुने उल्लेख छ । विभिन्न जात जाति, धर्म, सम्प्रदाय, भाषा, संस्कृतिबिचको सुसम्बन्ध र सामाजिक सद्भावमा खलल पार्ने, जातीय भेद्भाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

त्यस्तै, पत्रकार तथा सञ्चार माध्यमले जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक, मानसिक र स्वास्थ्य अवस्थाजस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरी समाचार सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । कसैलाई त्रसित पार्ने, धम्क्याउने, अनुचित फाइदा उठाउने, व्यक्तिगत स्वार्थ पूर्ति गर्ने र कसैलाई अनुचित लाभ वा हानि पुऱ्याउने नियत राखी पत्रकारिताको पेसागत मर्यादा प्रतिकूल कार्य गर्नुहुँदैन । हिंसा, आतङ्क र अपराधलाई प्रश्रय हुने वा आत्महत्या गर्न उक्साउने, अश्लील, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमको सामग्री पस्कन हुन्न ।

विपत्ति वा शोकमा परेका, दुःख पीडा भोगिरहेका व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवेदनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, चित्र, सङ्केत लगायतका सामग्री दिनु हुँदैन । समाजमा हिंसा, निराशा, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका साथै हत्या, आत्महत्या, बलात्कार, दुर्घटना जस्ता कारणबाट सिर्जित नग्न, क्षतविक्षत र वीभत्स दृश्य एवं तस्बिरहरू सम्प्रेषण गर्नुहुँदैन ।

यी लगायत आचारसंहिताले जे जे कुराहरूलाई बन्देज गरेको छ त्यही काम इन्टनरनेट प्लेटफर्म प्रयोग गरी चलाइएका कतिपय सामाजिक सञ्जाल र अनलाइन समेतबाट हुँदा पत्रकारिता क्षेत्रलाई नै बदनाम गर्ने प्रवृत्ति देखिँदैछ । विभिन्न दुर्घटनामा लिइने तस्बिर, भिडियो होस् या सामाजिक, पारिवारिक विवादमा गरिने प्रस्तुति, आचारसंहिता ख्याल नगरी प्रस्तुत हुँदै आएका छन् । त्यस्ता आपत्तिजनक सामग्रीहरूबारे प्रेस काउन्सिलमा समेत विभिन्न उजुरीहरू परिरहेका छन् । त्यतिमात्र नभइ, विभिन्न खालको हिंसा भड्काउने र सामाजिक र पारिवारिक सुसम्बन्धमा खलल पुऱ्याउने

खालका सामग्रीले पत्रकारिताको समग्र पेसाप्रति नै हिलो छ्याप्ने काम भएको छ । युट्युब, फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालको दुरुपयोग गरी यस्ता सामग्री पस्कँदा जनमानसमा भ्रम पैदा हुँदै गएको छ। कतिपयमा तिनै सञ्जाललाई नै सञ्चार माध्यम र पत्रकार हुन् भन्ने बुझाइ हुँदा अन्योलको अवस्थासमेत छ। त्यसलाई चिर्नका लागि सञ्चार माध्यम र सञ्जाल प्रयोगकर्ता समेत सजग भएर विषयवस्तु पस्कन पर्ने टड्कारो आवश्यकता बनेको छ ।

पत्रकारिताको आधारभूत मूल्य, मान्यताविपरीत सामग्री पस्कनेहरूलाई पत्रकार मान्न सकिँदैन । युट्युब प्रयोगकर्तामध्ये कतिपयले पत्रकारिताको मर्म र आधारभूत सिद्धान्त र दायित्व पनि ख्याल नगरी एकोहोरो सामग्री प्रस्तुत गरेको पाइन्छ । उनीहरूका कारण सम्पूर्ण युट्युब प्रयोगकर्तामाथि नै प्रश्न उब्जिएको छ । युट्युब प्रयोगकर्ताले आफ्नो युट्युब च्यानललाई पत्रकारिताको परिधिभित्र ल्याउने कि आफ्नो व्यक्तिगत अर्काइभका रूपमा प्रयोग गर्ने भन्ने कुराको निधो पहिले नै गर्न आवश्यक छ । व्यक्तिगत अर्काइभका रूपमा प्रयोग गर्दा पनि त्यसका केही सीमा अवश्य हुन्छन् । युट्युबलाई पत्रकारिताको माध्यम बनाउने हो भने त्यो स्वघोषणा गर्नुपर्छ र पत्रकारिताको सिद्धान्तमा टेकेर सामग्री उत्पादन गर्नुपर्दछ । सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिलसहित राज्यका निकायमा जोडिनु जरुरी छ ।

सामाजिक सञ्जालका अधिकांश प्रयोगकर्ताले सामाजिक उत्तरदायित्वको मर्मलाई समेत ख्याल गरेको पाइँदैन । युट्युबका सामग्रीमा यो उत्तरदायित्वमा ध्यान नपुऱ्याएको पाइएकाले नै उनीहरूलाई पत्रकार नमान्न समाज बाध्य भएको हो । पत्रकारिताको परिधिभित्र रहने हो भने सोही अनुसारको कर्म गर्न जरुरी छ । त्यसका लागि नेपाल पत्रकार महासङ्घको सहमतिमा प्रेस काउन्सिलले जारी गरेको आचारसंहितामा पत्रकारले गर्न हुने र नहुने कुराहरू प्रस्ट्याइएको छ । त्यसको अक्षरशः पालनाबिना पत्रकार हुन सकिँदैन ।

आचारसंहिताले पत्रकार तथा सञ्चार माध्यमको पेसागत पर्यादा तथा व्यवहार कस्तो हुनुपर्ने प्रष्ट तोकिदिएको छ। पत्रकारिता स्वच्छ, मर्यादित र विश्वसनीय हुनुपर्छ। पत्रकारले सूचना वा जानकारीको सङ्कलन र सम्प्रेषण सभ्य र शिष्टरूपमा गर्नुपर्छ। पेसागत अभ्यासमा सामाजिक शिष्टता र पाठक, श्रोता वा दर्शकको मर्यादाको सम्मान गरी शिष्ट एवं मर्यादित भाषा र कार्याशैलीको प्रयोग गर्नु अनिवार्य छ ।

यसबाहेक पत्रकारिताको देश र समाजप्रति विशेष सामाजिक दायित्व समेत छ। बालबालिका, महिला, ज्येष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका उत्पीडित वर्ग, समुदाय, क्षेत्र, भाषाभाषी र अल्पसङ्ख्यक, लोपोन्मुख समुदायको उत्थान र विकासमा विशेष सहयोग पुऱ्याउने गरी सूचना सम्प्रेषण गर्नुपर्छ।

यी विशेष दायित्व पूरा गर्न वस्तुनिष्ठ, सन्तुलित र जिम्मेवार पत्रकारितालाई बढावा दिन अति जरुरी छ ।